संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन



गोल हानी छाड्छु - चोमोलोङमा राई।

■ बर्ष-१५, ▶▶ अंक ३५६ ▶▶ असार ३०बुधबार,२०७८, July–14 Wednesday 2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

# त्रियुगा उद्योग बाणिज्य संघका अध्यक्ष गजेन्द्र भगत निलम्वित

❖ बेद कुमारी राई

*गाईघाट,असार २९*

त्रियुगा उद्योग बाणिज्य संघ उदयपुरका वर्तमान अध्यक्ष तथा केन्द्रीय सदस्य गजेन्द्र भगतलाई संस्थाका बहुमत कार्यसमितिले निलम्वीत गरेको छ ।

अध्यक्ष भगतलाई आर्थिक अपचलन र संस्थाको अन्य कामहरुमा संस्थागत हिसावले नगरी व्यक्तिगत हिसावले चल्दै आएको आरोप लागेको छ। अध्यक्ष भगतले संस्थाको नाममा जम्मा गर्नु पर्ने रकम रु ३ लाख २० हजार २ सय ५ रुपैया आर्थिक बर्ष २०७४/०७५, २०७५/०७६, २०७६/०७७ देखि नै जम्मा नगरी अनियमिता गरेको आरोप लागेको छ । उक्त प्रमाण आर्थिक लेखा परिक्षणमा भने उल्लेख गरी बदमासी गर्न खोजेको प्रतिवेदनमा







उल्लेख गरिएको छ। उनलाई पटक पटक रकम जम्मा गर्न सल्लाहा दिदा पनि वास्ता नगरेको उल्लेख गरिएको छ ।

भगतलाई त्रियुगा उद्योग बापिज्य संघको विद्यान परिच्छेद ४ को धारा ४.४ को खण्ड (ङ) ४ बमोजिम कार्वाही गरिएको जनाईएको छ। उनलाई तिन बर्ष सम्मकालागि संस्थाको साधारण सदस्य समेत नरहने गरी निलम्वन गरिएको छ । भगतले संस्थामा आएको सेवा सुविधालाई पनि व्यक्तिगत हिसावले दुरुपयोग गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । कोविड माहामारीमा आएको खोपलाई पनि संस्थाको बैठक बिना नै तोकेको व्यक्ति भन्दा बाहिर प्रयोग गरी दुरुपयोग गरेको प्रतिवेदनले स्पष्ट पारेको छ ।

बरिष्ठ उपाध्यक्ष रमेश रसाईलीको नेतृत्वले एक पत्रकार सम्मेलन कार्यक्रमको बिच भगतलाई संस्थाको नेतृत्व बाट हटाइएको जानकारी गराएको छ।

संस्थाको नियम र विधिविद्यान विपरित आफ्नै हिसावले चलिरहेको अध्यक्षलाई समितिले पटकपटक मौखिक र लिखित रुपमा पारदर्शिता, आर्थिक लेखा जोखा, साधरण सभा तथा संस्था नविकरणको बारेमा सम्झाए पनि वेवास्ता गरेको भन्दै रसाईलीको नेतृत्वमा रहेको बहुमत पदाधिकारी सदस्य ९ जना कार्यसतिले कार्वाही गरेको जनाएको छ।

समितिमा जम्मा १२ जनाको कार्यसमिति रहेको छ । यस मध्ये ९ जनाले कार्वाहीका लागि हस्ताक्षर नै गरेको छ भने बाँकी अन्यले पनि कार्वाहीको पक्षमा आवाज उठाउने समितिले जनाएको छ ।

त्यस्तै असार २९ गते मंगलबार बिहान ९ बजे प्रथम उपाध्यक्ष रमेश बिश्वकर्माको नेतृत्वले कारबाही गरेको ९ घण्टापछि अध्यक्ष गजेन्द्र भगतले पनि पत्रकार सम्मेलन गरी उक्त कार्बाहीको बिरोध गरेको छ । होटल टाउनमा आयोजित पत्रकार सम्मेलनमा सचिब दिनेश श्रेष्ठ लगायत निबर्तमान चुडामणी कार्की समेत सहभागी थिए ।

# त्रियुगा नगरसभा असार ३१ मा

❖ मनिता कुमारी राई

*गाईघाट, असार २८*

त्रियुगा नगरपालिका उदयपुरको सातौं नगरसभा आगामी असार ३१ बिहिबार हुने भएको छ ।


मंगलबार त्रियुगा नगरपालिकाको सभाहलमा भएको बैठकमा समितिको बैठक बसेको थियो। बैठक सकिएपछि बैठकको निर्णय बारे जानाकारी दिँदैं त्रियुगा नगरपालिका वडा नम्बर १० बोक्सेका वडाध्यक्ष प्रकाश खड्काले बैठकमा बेरुजु, फछ्र्यौट रकम, कर, बिज्ञापन, कर्मचारीको पदस्थापन लगायतका बिषयमा पनि छलफल भएको वडाध्यक्ष खड्काले जानाकारी दिए । बैठक सकिए लगतै बाहिरिएका नगरप्रमुख मेयर बलदेब चौधरी र उपप्रमुख उपमेयर देबीकुमारी चौधरीले बैठकबारे जानाकारी दिए चाहेनन् ।





वडा नम्बर १२ का वडाध्यक्ष जयबिक्रम राईले बैठकमा नगरसभा, बजेट, नीति कार्यक्रमबारे समेत छलफल भएको बताए। वडा नम्बर २ का वडाध्यक्ष घमानसिह खत्रीका अनुसार नगरसभा गर्ने निर्णय गरेको बताए । आर्थिक सहयोग गर्ने बारे पनि छलफल भएको थियो । त्यस्तै बैठकमा शिक्षा समन्धी पनि केही निर्णय गरेको वडा नम्बर १६ का वडाध्यक्ष मानबहादुर राईले बताए । मंगलबार बसेको कार्यपालिकाको बैठकमा नगरपालिकाका कार्यकारी अधिकृत लक्ष्मण बहादुर थापाको ठाउँमा बिश्वजित राई सहभागी थिए। बैठक पुन बुधबार बिहान ८ बजे बस्ने भएको छ ।



## सम्पादकिय

# निष्पक्ष भएर लेख

त्रियुगा उद्योग बाणिज्य संघ उदयपर पछिल्लो बिबाद बारे टुङ्गो लगाउन भन्दै असार २९ गते मंगलबार गाईघाटमा प्रथम उपाध्यक्ष रमेश रसाईली र अध्यक्ष गजेन्द्र कुमार भगतको टिमले पत्रकार सम्मेलन गर्यो ।

२०७३ साल असारमा भएको संघको पाँचौ अधिबेशनले त्रियुगा उद्योग बाणिज्य संघको पाँचौ अध्यक्षमा गजेन्द्र कुमार भगतको नेतृत्वमा १२ सदस्यीय कार्यसमिति चयन गरेको थियो । १२ सदस्यीय समितिमा ३ जना मनोनित सहित १५ सदस्यीय समितिको ३ बर्षे कार्यकाल २०७६ असारमा नै सकिएको हो । विभिन्न कारण देखाउँदै सो समितिले पछिल्लो समय ६ महिना समय थप गरिएकोमा कोरोना महामारीले सताएपछि उक्त समिति थप दुई बर्ष अबैधानिक काम चलाउ समितिको रुपमा थिए। १५ सदस्यीय कार्यसमितिमा २०७४ सालमा भएको स्थानीय निकायको निर्बाचनमा महासचिब चुडामणी कार्की, कोषाध्यक्ष लक्ष्मी नारायण श्रेष्ठ र सदस्य बिश्वराज भटराईले राजिनामा दिएपछि समिति १२ जनामा सिमित भएका थिए । मंगलबार बिहान बाणिज्य संघको आफ्नै सभाहलमा पत्रकार सम्मेलन भईरहँदा १२ सदस्यीय कार्यसमितिमा प्रथम उपाध्यक्ष रमेश बिश्वकर्मा, द्धितिय उपाध्यक्ष हस्तमाया राई, सदस्यहरु बिनोद पाण्डे, केदार थापा, नबिन बस्नेत, सरोज बस्नेत, टिकाकुमार श्रेष्ठ, रुपम अनुराग गुप्ता, बिष्णु ओली राई र योगनारायण साहको सहभागितामा कार्यसमितिको बहुमत पदाधिकारी, सदस्यले अध्यक्ष गजेन्द्र भगतलाई निलम्बन सहित कार्बाही गरेको छ ।

कार्यसमितिको बहुमतले अध्यक्ष भगतलाई कार्बाही गरेको जानाकारी पाउन साथ अध्यक्ष भगत सचिब दिनेश श्रेष्ठले बेलुकी होटल टाउनहल गाईघाटमा पत्रकार सम्मेलन गरी सो कार्यको बिरोध गरेको छ । भगत समुहको पत्रकार सम्मेलनमा निबर्तमान महासचिब चुडामणी कार्की लगायत कार्यसमिति बाहिरका सदस्यहरुको सहभागिता रहेको थियो। पत्रकार सम्मेलनमा सहभागी पत्रकारहरुको उपस्थिती देख्दा समचार कतै निष्पक्ष हुदैन कि भन्ने शंका उत्पन्न भएको छ । बिश्वकर्मा पक्षको पत्रकार सम्मेलनमा जिल्लाका युवा पत्रकारहरुको सहभागिता रहेको थियो भने भगत समुहको कार्यक्रममा अधिकांश पत्रकारको सहभागिता रहेको थियो । पत्रकारको व्यवशायिक मर्यादा कायम राख्न निष्पक्ष समाचार लेख्न सबैले आँट गरौं ।




१, आलु रु ४०
२, अदुवा रु १६०
३, टमाटर रु ७०
४, बन्दा रु ७०
५, भेन्टा रु ८०
६, खुर्सानी रु २००
७, मुला रु ४०
८, पर्बल रु १००
९, तितेकरेला रु ६०
१०, भिन्डी रु ८०
११, च्याउ रु २४०
१२, फुलकोबी रु १६०
१३, फर्सि रु ७०
१४, कटहर रु ४०
१५, काका रु ८०
१६, धनियाँ रु ८०
१७, लोकलबोडि रु ८०
१८, खर्बुजा रु ४०
१९, रायो साग रु १००
२०, लट्टे साग रु ६०
२१, प्याज रु ७५
२२, निगुरो रु २५
२३, दुध रु ७०
२४, दहि रु ९०
२५, महि रु ५०
२६, घिउ रु ७००
२७, रागाको मासु रु ४००
२८, बंगुरको मासु रु ४००
२९, खसिको मासु रु १०००

# राष्ट्रिय टिमबाट गोल गर्ने चोमोलोङ्माको रहर

❖ बिबेक राई








गत बुधबार २२ वर्षीय चोमोलुङ्मा राई चौदण्डी नगरपालिका ३ हात्तीसार स्थित आफ्नै निवासमा बिहानको खाना खाँदै थिइन् । यत्तिकैमा छिमेकी बहिनीहरु आएर उनी नेपाली महिला फुटबल टोलीको क्लोज क्याम्प अर्थात बन्द प्रशिक्षणमा परेको खबर सुनाए । राष्ट्रिय टोलीमा पर्नु कसलाई मन नपर्ला र ? अझ धेरैको त सपना नै हुन्छ । क्लोज क्याम्प भन्नाले राष्ट्रिय टोलीमा परिहाल्नु नभएपनि छनौटको लागि लगभग नजिक हुनु हो । यो पनि एक किसिमको सफलता नै हो ।

यस्तै सफलता हात पार्न सफल भइन् उनी । छिमेकी बहिनीहरुको समाचारमाथि थप विश्वस्त हुनु उनले खाना खाँदै फेसबुक खेलेर हेरिन्। खबर पक्का भएपछि उनी खुशिले दंग परिन् । उनी अहिलेको ४५ जनाको क्लोज क्याम्पमा परेकी हुन् । अहिलेलाई उनको उदेश्य ती ४५ जनाबाट अन्तिम फाइनल टोलीमा छनौट हुन सक्नु हो । चोमोलुङ्माको फुटबलप्रतिको मोह बाल्यकालदेखि नै रहेको हुनाले पनि उनी छनौट हुन चाहान्छिन् । बाबु जंगबहादुर थुलुङ राई र आमा तीर्थ चामलिङ राईकी दुई छोरीमध्ये कान्छी छोरी उनले १२/१३ वर्षको उमेरदेखि नै फुटबल खेल्न थालेको सम्झना छ ।

बुद्ध निकेतन बोर्डिङ शनिबारे पढ्दा आशा म्यामले हाउस अनुसार फुटबल खेलाउनु नै उनले फुटबलको सुरुवाती दिन भनेर सम्झिन्छिन्। पछिपछि राम्रो खेल्दै जाँदा उनीले पोखरा, लमजुङ, झापा, धनकुटा, भोजपुर, गाईघाट, मोरङ, आदि ठाउँमा गएर आफ्नो प्रतिभा देखाइसकेकी छिन् । उनी विंगर, मिडफिल्ड, डिफेन्स जताबाट पनि खेल्नुसक्ने क्षमता राख्छिन् । पछिल्लोपटक उनले गतवर्षको महिला राष्ट्रिय लिगमा चौदण्डीगढि नगरपालिकाबाट टोलीको क्प्तान बनेर सहभागिता जनाएकी थिइन्। स्थानीयस्तरमा उत्कृष्ट प्रदर्शन गर्दै आएकी उनलाई महिला लिगमा केहि गाह्रो लागेको थियो। त्यतिबेला उनको टोलीले राम्रो प्रदर्शन गर्न नसकेर सात टोलीमध्ये अन्तिम भएपनि उनले राष्ट्रिय स्तरका टोली र खेलाडीबाट अनुभव साट्ने र सिक्ने मौका पाइन् । त्यतिबेला उनले देखाएकी प्रदर्शनको आधारमा प्रशिक्षक फिलिप्सले क्लोज क्याम्पमा बोलाएका हुन्। उनीसँगै झापाकी कुसुम खतिवडा गरि १ नम्बर प्रदेशबाट जम्मा दुईजनालाई मात्र बोलाइएको छ ।











उनको घरदेखि मैदान जानुलाई कम्तीमा पनि २५ मिनेटको समय लाग्छ । त्यसमाथि घरको काम सघाएर वा भ्याएरमात्र जानुपर्छ। त्यसमाथि उनको स्नातक तह प्रथम वर्षको परिक्षा पनि नजिकिँदो छ । उता राष्ट्रिय टोलीका खेलाडी वा विभागिय टोलीको खेलाडीजस्तो पोषिलो डाइट अनि नियमित अभ्यासजस्ता कुरा उनको लागि सपना हुन् । तर यतिका अभाव र समस्या हुँदापनि राष्ट्रिय टोलीमा पर्न पाए वा मौका पाए आफूले शतप्रतिशत दिनेथिएँ भन्ने दृढ अठोट लिएकी छिन् ।

# त्रियुगा नदिमा व्यबारीसे लास भेटियो

❖ मुलुकी संवाद्दाता

*उदयपुर, असार २९*

त्रियुगा नदीको बीचमा मंगलबार विहान बेवारिसे लास फेला परेको छ। चौदण्डीगढी नगरपालिका ९ ज्यामिरेस्थित त्रियुगा नदी बीचमा डुबिरहेको अवस्थामा एक पुरुषको बेवारिसे लास फेला परेको हो ।

विहान अन्दाजी ११:०० बजे नदीमा एक व्यक्ति मृत अवस्थामा रहेको भन्ने स्थानीयको खवरपछि इलाका प्रहरी कार्यालय बेलटारबाट खटेको टोलीले लास फेला पारेको हो ।

इप्रका बेलटारका निरीक्षक कमाण्डमा खटेको टोलीले नदी बीचमा मृत अवस्थामा अन्दाजी ५० ५५ वर्षको मधेसी मुलको सेतो कपाल, पहेँलो भेस्ट लगाएको, कालो झोला भिरेको र कम्मरमा डोरी बेरेको अन्दाज ५ फुट उचाईको पुरुषको लास फेला परेको छ ।बेवारिसे शव निकालेर प्रहरीले पोष्टमार्टमका लागि जिल्ला अस्पताल पठाएको जनाएको छ । जिल्ला प्रहरी प्रवक्ता डिएसपी बेदप्रसाद गौतमले लासो बारे सोधीखोजी र अनुन्धान भईरहेको बताए । प्रहरीले नदी तर्ने क्रममा बाढीले बगाएर मृत्यु भएको हुनसक्ने अनुमान गरेको छ ।

रन्तर वर्षाले त्रियुगामा आएको बाढीले बगाएर उनको मृत्यु भएको अनुमान प्रहरीले गरेको छ। ज्यामिरे चौदण्डीगढी ९ नं. वडा कार्यालय रहेको तथा १० नं. वडा हडियाबासीहरु नगरपालिका केन्द्र बेलटार बजार आउजाउ गर्ने मुख्य नाका हो । नगरपालिका र वडा कार्यालय आउजाउ गर्ने मुल नाका भए पनि त्रियुगामा पुल नहुँदा वर्षेनी डुंगा चलाएर वारपार गर्नुपर्ने बाध्यता नगरबासीलाई छ । यसवर्ष भने भर्खरै वर्षा सुरु भएकाले डुंगा सञ्चालनमा आईसकेको छैन । डुंगा नभएकाले नदी तर्ने क्रममा ती व्यक्तिको डुबेर मृत्यु भएको हुनसक्ने अनुमान स्थानीले गरेका छन् ।


## सस्तोमा गिफ्टका सामान र गुडीया

**खुवालुङ गुडीया सप्लार्यस**

त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड । प्रोपाईटर : एनुका राई *सम्पर्क :- ९८१५७७१०५२*



यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ। साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ ।



त्रिनपा - १० बोक्से यलम्बर टोल । यहाँ सम्पूर्ण किसिमका किराना तथा दैनिक उपभोग्य खाद्यान्न समागीहरु सुपथ मूल्यमा पाईन्छ । साथै र ाँगा,बंगुर र ब्रोईलर कुखुर ाको मासु पनि उपलब्ध छ। प्रो. जिना राई ,सम्पर्क नं. ९८४२८५५५४७/९८०५९६०९२२

## एस एण्ड एस सप्लायर्स




प्रोपाईटर - **अगम चामलिङ राई, ९८०७७६४३४३**
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर। स्थान- गाईघाट मेनचोक, एनएमबी बैङ्क बिशालबजार अगाडी । यहाँ खाने,बस्ने

# सगरमाथा

## डिपाटमेन्ट स्टोर गाईघाट, उदयपुर






प्रोपाइटर - **किरण चामलिङ राई**

# बिके किराना पसल




३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्षित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।

***प्रोपाइटर* - भरत चामलिङ राई**

# चट्याङले उदपुरमा दुईका ज्यान लग्यो

❖ मुलुकी संवाद्दाता

*उदयपुर, असार २९* वर्षासँगै परेको चट्याङ लागेर उदयपुरका दुई महिलाको ज्यान गएको छ।भारी वर्षासँगै परेको चट्याङ लागेर मंगलबार दिउँसो सदरमुकाम त्रियुगा नगरपालिका ३ मुसहरी टोलकी ३९ वर्षीया ललिता सदा र सोही ठाउँकी ४० वर्षीया फुलकुमारी सदाको ज्यान गएको हो ।

दिउँसो ४:१० बजे घरनजिकै खेतमा काम गरिरहेको बेला परेको चट्याङको झट्काले बेहोस भएका उनीहरुलाई तत्काल उद्धार गरी उपचारार्थ जिल्ला अस्पताल गाईघाट लगिएकोमा उपचारकै क्रममा ५:१० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

प्रहरीले दुवैको शव पोष्टमार्टमका लागि अस्पतालमै राखिएको जनाएको छ । प्रहरी प्रवक्ता डिएसपी बेदप्रसाद गौतमका अनुसार घट्नाबारे थप अनुसन्धान र कानुनी प्रक्रिया पुरा गर्न प्रहरी निरीक्षक कमाण्डको टोली खटाइएको छ ।


## प्रियंका फैन्सी पसल गाईघाट, मेनचोक



यहाँ सुपथ मुल्यमा कुर्था, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ। स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड बिमला कोल्ड स्टोर, तिम्ला फोटो स्टुडियो सँगै । सम्पर्क-९८४२८७६६८४

## आकर्षक घर बिक्रिमा



उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार, संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि साठी ६० मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा ।

घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर, २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रमहल अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधि सम्पन्न र नयाँ

## नारायणी ग्याँस

### गाईघाट, डिलर, उदयपुर




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्ट मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

## भिमरैता हस्पिटलको सेवा

## गाईघाट, उदयपुर

हस्पिटल प्रमुख डाक्टर निर्मला चौधरीको कमाण्डमा २४ सै घण्टा सेवा दिईनेछ ।




स्थान. गाईघाट असारी रोड।सम्पर्क.९८१६७४५६१७

हाम्रा सेवाहरु-
१, डा. निर्मला चौधरी (MBBS)
२, डा.राम नारायण चौधरी( बालरोग बिशेषज्ञ)
३, डा.मनोज चौधरी(छाला रोग बिशेषज्ञ)
४, डा. सरोजकुमार साह(हार्डजोर्नी तथा नशा रोग बिशेषज्ञ)
५, डा. साधना साह( स्त्री रोग बिशेषज्ञ)
६, डा.रबिन्द्र चौधरी( वरिष्ठ पिफजिसियन
७, डा. बलेश्वर यादब( नाँक,कान,घाँटी रोग बिशेषज्ञ)
६, डा. सुवास कुमारचौधरी( MBBS) युरोसर्जन



माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट